विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः नागरिक लगानी कोष (तेस्रो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता न.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. सूर्य बहादुर तामाङ्ग
२.	अस्वीकृत
३.	मा. प्रा. डा. पुष्पराज कडेल
४.	मा. लिमा अधिकारी (आचार्य)
५.	मा. कुसुम महर्जन
६.	मा. गणेश बहादुर विश्वकर्मा
७.	मा. कमल सुबेदी
८.	मा. नितिमा भण्डारी (कार्की)
९.	मा. परशुराम तामाङ्ग
१०.	मा. ऐन बहादुर महर
११.	मा. सुशील खड्का
१२.	मा. समिक्षा बास्कोटा
१३.	मा. गुरु प्रसाद बराल

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. प्रा. डा. पुष्पराज कडेल	२	**मूल ऐनको दफा २ को खण्ड (ढ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ढ (ढ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नपर्नेः-** - "र त्यस्तो लगानी गर्दा लगानीको सुरक्षा, प्रतिफल, तरलता, विविधीकरण तथा सम्पत्ति-दायित्व मिलानलाई समेत आधार मानिएको लगानी सम्झनुपर्छ।" **मूल ऐनको दफा २ को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थप गर्नपर्नेः-** "(ढ१) "लगानी नीति" भन्नाले कोषले आफ्नो स्रोत तथा विभिन्न योजनाअन्तर्गतको रकम लगानी गर्दा लगानीको उद्देश्य, जोखिमको सीमा, सम्पत्ति विन्यास, विविधीकरण, तरलता, सम्पत्ति-दायित्व मिलान तथा लगानीको अनुगमनसम्बन्धी आधार र प्रक्रिया निर्धारण गरी समितिबाट स्वीकृत गरेको नीति सम्झनुपर्छ।"
२.	मा. समिक्षा बास्कोटा	२	**मूल ऐनको दफा २ को खण्ड (प) मा रहेको,** - "बैंक" भन्ने शब्दको सट्टा "बैङ्क तथा तथा वित्तीय संस्था" भन्ने शब्दहरू राख्नुपर्ने।
३.	मा. गुरु प्रसाद बराल	२	**मूल ऐनको दफा २ को खण्ड (ढ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ढ) मा रहेको,** - "सेक्युरिटी" भन्ने शब्दको सट्टा "सेक्युरिटिज" भन्ने शब्द राख्नुपर्ने।
४.	मा. प्रा. डा. पुष्पराज कडेल	३	**मूल ऐनको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-** "(२क) यस दफा बमोजिम कोषको अधिकृत, जारी वा चुक्ता पुँजीमा थपघट गर्दा कोषको विद्यमान तथा भावी दायित्व, वित्तीय अवस्था, लगानी योजना, जोखिम वहन क्षमता तथा पुँजी पर्याप्तताको विश्लेषण गरी त्यसको आधार र कारण सार्वजनिक गर्नु पर्नेछ।"
५.	मा. गणेश बहादुर विश्वकर्मा	३	**मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) पछि देहायको उपदफा (च) थप गर्नुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(च) सञ्चयकर्ताहरू -१० प्रतिशत"
६.	मा. नितिमा भण्डारी (कार्की)	३	**<u>विधेयकको उपदफा (१) मा रहेका,</u>** - "दश अर्ब रुपैयाँ" भन्ने शब्दहरूका सट्टा "पच्चिस अर्ब रुपैयाँ" र "दश करोड कित्ता" भन्ने शब्दहरूका सट्टा "पच्चिस करोड कित्ता" भन्ने शब्दहरू राखुपर्ने। **<u>मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेका,</u>** - "जारी पुँजी आठ अर्ब रुपैयाँ र चुक्ता पुँजी तीन अर्ब रुपैयाँ" भन्ने शब्दहरूका सट्टा "जारी पुँजी पच्चीस अर्ब रुपैयाँ र चुक्ता पुँजी बीस अर्ब रुपैयाँ" भन्ने शब्दहरू राखुपर्ने।
७.	मा. सुशील खड्का		
८.	मा. प्रा. डा. पुष्पराज कडेल	४	**<u>मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने</u>:-** "(१) समितिले साधारण सभाको आवश्यक स्वीकृति तथा नेपाल सरकारको पूर्व स्वीकृति लिई कोषको शेयर पुँजी तथा सोको बाँडफाँट र बनोटमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।"
९.	मा. कुसुम महर्जन	४	**<u>मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ को उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** "कोषको शेयर पुँजी तथा बाँडफाँट परिवर्तन गर्दा त्यसको कारण, सहभागीको हितमा पर्ने प्रभाव र स्वीकृत विवरण सार्वजनिक गर्नुपर्ने।" **<u>मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(१क) उपदफा (१) मा पुँजी तथा शेयर बाँडफाँट परिवर्तन गर्नुअगि स्वतन्त्र वित्तीय मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने।"
१०.	मा. गणेश बहादुर विश्वकर्मा	४	**मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ मा देहायको उपदफा (३) थप गर्नुपर्नेः-** "(३) दफा (२) अनुसार कोषको चुक्ता पूजी थप गर्दा नाफा निजीकरण हुने र जोखिम सामाजीककरण हुने अवस्था आउन नदिनका लागि शेयरधनीहरुका प्रतिनीधिहरुसँग नियमित सुझाव लिइनेछ।"
११.	मा. समिक्षा बास्कोटा	४	**मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-** "(२) समितिले अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिई जारी पुँजीको सिमा भित्र रहि कोषको चुक्ता पुँजी वृद्धि गर्न सक्नेछ।"
१२.	मा. सूर्य बहादुर तामाङ्ग	५	**मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्नेः-** "(घ) कोषको कार्यकारी निर्देशक -सञ्चालक"
१३.	मा. प्रा. डा. पुष्पराज कडेल	५	**मूल ऐनको दफा २५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-** "(१क) समितिको संरचनामा बैंकिङ, बिमा, पुँजी बजार, दीर्घकालीन बचत तथा अवकाश कोष व्यवस्थापन, लगानी, जोखिम व्यवस्थापन, लेखा वा बिमाङ्कीय विषयमध्ये आवश्यक दक्षताको समुचित प्रतिनिधित्व हुने गरी नियुक्ति तथा निर्वाचनको व्यवस्था गर्नु पर्नेछ।" **मूल ऐनको दफा २५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(३) अध्यक्ष तथा उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमका नियुक्त वा निर्वाचित सञ्चालकको पदावधि तीन वर्षको हुनेछ र निज पुनः एक पटकभन्दा बढी नियुक्त वा निर्वाचित हुन सक्ने छैन।" **<u>मूल ऐनको दफा २५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने</u>:-** "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चालकले गम्भीर कर्तव्य उल्लङ्घन, स्वार्थको द्वन्द्व लुकाएको, कोषको सम्पत्ति वा पदको दुरुपयोग गरेको, प्रचलित कानुन वा आचारसंहिता उल्लङ्घन गरेको वा कोषको हितमा गम्भीर प्रतिकूल असर पर्ने कार्य गरेको प्रमाणित भएमा मात्र पदबाट हटाउन सकिनेछ। त्यसरी हटाउनु अघि निजलाई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ र हटाउने निर्णयको कारण लिखित रूपमा अभिलेख गर्नु पर्नेछ।"
१४.	मा. लिमा अधिकारी (आचार्य)	५	**<u>मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नुपर्ने</u>:-** "(छ) अर्थशास्त्र, मौद्रिक, बैंकिङ्ग, वित्त वा लगानी व्यवस्थापन क्षेत्रमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त विज्ञहरूमध्येबाट कम्तिमा एक महिलासमेत नेपाल सरकारले मनोनयन गरेका दुई जना -सञ्चालक" **<u>विधेयकको उपदफा (२)</u>** झिक्नुपर्ने।
१५.	मा. गणेश बहादुर विश्वकर्मा	५	**<u>मूल ऐनको दफा २५ को उपदफा (१) मा देहायको खण्ड (घ) थप गर्नुपर्ने</u>:-** "(घ) नागरिक लगानी कोषमा योगदान गर्ने कर्मचारी तथा योगदानकर्ताहरुको तर्फबाट योगदानकर्ताहरुले समावेशी सिद्धान्तका आधारमा प्रचलित कानुन

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			बमोजिम निर्वाचित गरेको कम्तीमा १ जना महिला र १ जना पुरुष गरी २ जना -संचालक"
१६.	मा. परशुराम तामाङ्ग	५	**मूल ऐनको दफा २५ को उपदफा (३) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा रहेका,** - "तीन वर्षको हुनेछ" भन्ने शब्दहरूका सट्टा "चार वर्षको हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१७.	मा. प्रा. डा. पुष्पराज कडेल	७	**मूल ऐनको दफा २८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २८ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२), (ख३), (ख४) र (ख५) थप गर्नुपर्नेः-** "(ख१) समितिबाट लगानी नीति स्वीकृत गरी कार्यान्वयन गर्ने, (ख२) दीर्घकालीन रणनीतिक सम्पत्ति विन्यास तथा जोखिम सीमाको निर्धारण र आवधिक पुनरावलोकन गर्ने, (ख३) कोषको सम्पत्ति र दायित्वबीचको मिलान, तरलता तथा एकाग्रता जोखिमको नियमित समीक्षा गर्ने, (ख४) स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी नीति तथा आचारसंहिता लागु गर्ने, (ख५) आन्तरिक लेखापरीक्षण, अनुपालन तथा जोखिम व्यवस्थापनसम्बन्धी प्रतिवेदनमा समितिले प्रत्यक्ष निगरानी गर्ने व्यवस्था सुनिश्चित गर्ने,
१८.	मा. लिमा अधिकारी (आचार्य)	७	**मूल ऐनको दफा २८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २८ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ख) कोषको आन्तरिक नियन्त्रण प्रणाली, अनिवार्य जोखिम मूल्याङ्कन ढाँचा तथा लगानी सम्बन्धी जोखिम व्यवस्थापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,"
१९.	मा. कुसुम महर्जन	७	<u>मूल ऐनको दफा २८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २८ को उपदफा (१) को खण्ड (ख) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "लगानीको विविधीकरण, लगानी सीमा र नियमित जोखिम समीक्षा गर्ने,"
२०.	मा. परशुराम तामाङ्ग	७	<u>मूल ऐनको दफा २८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २८ को उपदफा (१) को खण्ड (ग) मा रहेका,</u> - "स्वीकृतिको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेस गर्ने" भन्ने शब्दहरूका सट्टा "आफैंले लागु गर्न सक्ने" भन्ने शब्दहरू राखुपर्ने।
२१.	मा. प्रा. डा. पुष्पराज कडेल	८	<u>मूल ऐनको दफा ३२ को उपदफा (२) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- - "तर यस्तो लगानी समितिबाट स्वीकृत लगानी नीति, तोकिएको जोखिम सीमा, पर्याप्त विविधीकरण, तरलता तथा सम्पत्ति-दायित्व मिलानको सिद्धान्तअनुरूप हुनु पर्नेछ।" <u>मूल ऐनको दफा ३२ को उपदफा (३) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशपछि देहायका शब्दहरू थप गर्नपर्ने</u>:- - "तर नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेका वा पूर्ण प्रत्याभूति गरेका साधनबाहेक एउटै कम्पनी, संस्था वा सम्बन्धित संस्थाको समूहले जारी गरेको

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			धितोपत्रमा कोषको कुल लगानीयोग्य सम्पत्तिको दश प्रतिशतभन्दा बढी लगानी गर्न पाइने छैन।" **<u>मूल ऐनको दफा ३२ को उपदफा (४) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "तर एउटै परियोजनामा प्रवाहित कर्जा वा लगानी कोषको कुल लगानीयोग्य सम्पत्तिको पाँच प्रतिशतभन्दा बढी हुन सक्ने छैन र त्यस्तो लगानी गर्नुअघि स्वतन्त्र प्राविधिक, वित्तीय तथा आवश्यकतानुसार वातावरणीय मूल्याङ्कन गराउनु पर्नेछ।" **<u>मूल ऐनको दफा ३२ को उपदफा (४) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख२) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "तर एउटै आवास परियोजनामा गरिएको लगानी वा त्यस्तो परियोजनासँग सम्बन्धित कर्जा कोषको कुल लगानीयोग्य सम्पत्तिको पाँच प्रतिशतभन्दा बढी हुन सक्ने छैन र सहभागीलाई कर्जा प्रवाह गर्दा धितो, आय-क्षमता, कर्जा—मूल्य अनुपात तथा पुनर्भुक्तानी क्षमताको उचित मूल्याङ्कन गर्नु पर्नेछ।" **<u>मूल ऐनको दफा ३२ को उपदफा (५) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "खण्ड (ग१) र (ग२) बमोजिमका सामूहिक लगानी कोष, प्राइभेट इक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड तथा अन्य वैकल्पिक वा नवीन वित्तीय उपकरणमा गरिएको कुल लगानी कोषको कुल लगानीयोग्य सम्पत्तिको पन्ध्र प्रतिशतभन्दा बढी र एउटै फण्ड वा उपकरणमा गरिएको लगानी पाँच प्रतिशतभन्दा बढी हुन सक्ने छैन।"
२२.	मा. कुसुम महर्जन	८	**<u>मूल ऐनको दफा ३२ को उपदफा (३) मा देहायको खण्ड थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(घ) नवीनतम वित्तीय उपकरणमा लगानी गर्नुअघि नियामक निकायको स्वीकृति, जोखिम मूल्याङ्कन तथा लगानी सीमा पालना गर्नुपर्ने।"
२३.	मा. कमल सुबेदी	८	**मूल ऐनको दफा ३२ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-** "तर यस दफाबमोजिम लगानी गर्दा कोषको लगानी नीति, जोखिम वहन क्षमता, तरलता आवश्यकता, दीर्घकालीन दायित्व तथा लगानीको विविधीकरणलाई आधार बनाई लगानी गर्नु पर्नेछ।" **मूल ऐनको दफा ३२ को उपदफा (२) को खण्ड (ग) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा रहेका,** - "म्युचुअल फण्ड, प्राइभेट इक्विटी फण्ड वा भेन्चर क्यापिटल फण्ड" भन्ने शब्दहरूपछि "प्रचलित कानुनबमोजिम स्वीकृत तथा नियमनमा रहेको" भन्ने शब्दहरू थप गर्नुपर्ने। **मूल ऐनको दफा ३२ को उपदफा (२) को खण्ड (घ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "त्यस्तो आयोजनाको वित्तीय सम्भाव्यता, प्रतिफल, जोखिम, वातावरणीय तथा सामाजिक प्रभावको मूल्याङ्कन गरी" **मूल ऐनको दफा ३२ को उपदफा (२) को खण्ड (च) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "नेपाल राष्ट्र बैंकको स्वीकृति तथा प्रचलित विदेशी विनिमयसम्बन्धी कानुनको अधीनमा रही" **मूल ऐनको दफा ३२ को उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थप गर्नुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(२क) कोषले यस दफाबमोजिम लगानी गर्दा कुनै एक कम्पनी, समूह, बैंक वा वित्तीय संस्था, परियोजना वा एउटै आर्थिक क्षेत्रमा कोषको कुल लगानीको अत्यधिक हिस्सा केन्द्रित हुने गरी लगानी गर्न पाउने छैन। (२ख) उपदफा (२) बमोजिम गरिने लगानीको क्षेत्रगत सीमा, एउटै संस्था वा समूहमा गर्न सकिने लगानीको अधिकतम सीमा तथा वैकल्पिक लगानीको सीमा समितिले निर्धारण गरेबमोजिम हुनेछ।" **<u>मूल ऐनको दफा ३२ को उपदफा (४) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "कर्जा प्रवाह गर्दा ऋणीको कर्जा तिर्न सक्ने क्षमता, कर्जाको प्रयोजन, धितोको पर्याप्तता तथा जोखिमको मूल्याङ्कन गरी मात्र कर्जा प्रवाह गर्नु पर्नेछ।" **<u>मूल ऐनको दफा ३२ को उपदफा (८) मा देहायको खण्ड (ट) थप गर्नुपर्ने</u>:-** "(ट) कोषको लगानीसम्बन्धी निर्णयमा स्वार्थको द्वन्द्व हुन नदिने तथा त्यस्तो द्वन्द्व उत्पन्न भएमा तत्काल समितिलाई जानकारी गराउने।"
२४.	मा. नितिमा भण्डारी (कार्की)	८	**<u>मूल ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (घ) र (ङ) थप गर्नुपर्ने</u>:-** "(घ) रोजगारी वा रोजगारदातासँगको संस्थागत आबद्धता नभएका नेपाली नागरिक समेत स्वेच्छिक रूपमा सहभागी हुन सक्ने गरी बचत, लगानी, सामाजिक सुरक्षा तथा वित्तीय सुरक्षासम्बन्धी योजना सञ्चालन गर्ने, (ङ) योजनामा सहभागी व्यक्तिको योगदान तथा सञ्चित रकमको आधारमा अवकाशपूर्व समेत प्राप्त गर्न सकिने लाभ, सुविधा, कर्जा वा सापटीसम्बन्धी व्यवस्था गर्ने"
२५.	मा. सुशील खड्का		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ३२ को उपदफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>:- "(ख) कोषमा नियमित रूपमा रकम जम्मा गर्ने सहभागी व्यक्तिलाई निजको योगदान, सञ्चित रकम तथा समितिले निर्धारण गरेको मापदण्डको आधारमा आवास, शिक्षा, स्वास्थ्य उपचार, उद्यम वा व्यवसाय, आकस्मिक आवश्यकता तथा अन्य तोकिएका प्रयोजनका लागि कर्जा वा सापटी उपलब्ध गराउन," **<u>मूल ऐनको दफा ३२ को उपदफा (५) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग२) को सट्टा देहायको खण्ड (ग२) राख्नुपर्ने</u>:-** "(ग२) प्रचलित कानुन बमोजिम सम्बन्धित नियामक निकायबाट स्वीकृत, दर्ता वा निष्काशन भएका अन्य धितोपत्र, सामूहिक लगानी योजना तथा वित्तीय उपकरणमा लगानी गर्न।"
२६.	मा. परशुराम तामाङ्ग	८	**<u>मूल ऐनको दफा ३२ को उपदफा (४) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख१) मा रहेका,</u>** - "स्वास्थ्य र शिक्षा" भन्ने शब्दहरू झिक्नुपर्ने।
२७.	मा. ऐन बहादुर महर	८	**<u>मूल ऐनको दफा ३२ को उपदफा (४) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख२) मा रहेका,</u>** - "आवास परियोजनामा लगानी गर्न तथा त्यस्तो परियोजनाबाट निर्माण तथा विकास गरिएको घर घडेरी" भन्ने शब्दहरूका सट्टा "व्यावसायिक कृषि परियोजना वा कृषिजन्य उद्योग" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२८.	मा. प्रा. डा. पुष्पराज कडेल	९	<u>मूल ऐनको दफा ३७ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को अन्त्ययमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "कोषले सञ्चालन गर्ने प्रत्येक योजना, कोषको आफ्नै स्रोत तथा अन्य स्रोतबाट प्राप्त रकमको लेखा तथा सम्बन्धित सम्पत्ति र दायित्व छुट्टाछुट्टै पहिचान हुने गरी राख्नुपर्नेछ र एउटा योजनाको सम्पत्ति वा रकम अर्को योजनाको दायित्व पूरा गर्न प्रयोग गर्न पाइने छैन।"
२९.	मा. कमल सुबेदी	९	<u>मूल ऐनको दफा ३७ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,</u> - "विद्युतीय प्रणालीमा समेत" भन्ने शब्दहरूको सट्टा "सुरक्षित विद्युतीय प्रणाली तथा परीक्षणयोग्य अभिलेखसहित" भन्ने शब्दहरू राख्नुपर्ने।
३०.	मा. सूर्य बहादुर तामाङ्ग	११	<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१क) र (१ख)</u> झिक्नुपर्ने। <u>मूल ऐनको दफा ४२ को उपदफा (२) मा रहेका देहायको प्रतिबन्धात्मक वाक्यांश झिक्नुपर्ने</u>ः- - "तर यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशक निज नियुक्ति हुँदाका बखत कायम रहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।"
३१.	मा. प्रा. डा. पुष्पराज कडेल	११	<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) को सट्टा देहायको उपदफा (१ख) राख्नुपर्ने</u>ः- "(१ख) उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकलाई देहायका अवस्थामा मात्र पदबाट हटाउन सकिनेछः-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(क) गम्भीर कर्तव्य उल्लङ्घन वा लापरवाही गरेको प्रमाणित भएमा, (ख) प्रचलित कानुन वा आचारसंहिता गम्भीर रूपमा उल्लङ्घन गरेमा, (ग) कोषको हितमा गम्भीर प्रतिकूल असर पर्ने गरी कार्यसम्पादन गरेको प्रमाणित भएमा, वा (घ) पदको दुरुपयोग वा स्वार्थको द्वन्द्वसम्बन्धी गम्भीर कसुर गरेको प्रमाणित भएमा। तर पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ र निर्णयको कारण लिखित रूपमा दिनु पर्नेछ।"
३२.	मा. लिमा अधिकारी (आचार्य)	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) को सट्टा देहायको उपदफा (१ख) राख्नुपर्ने</u>**:- "(१ख) उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ। तर नेपाल सरकारले यसरी पदमुक्त गर्दा पदमुक्त गर्ने आधार, कार्यसम्पादनको मूल्याङ्कन गर्ने मापदण्ड तथा पदमुक्त गर्ने प्रक्रिया स्पष्ट रूपमा तोकिनेछ। पदमुक्त गर्नुभन्दा अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने उचित अवसरबाट वञ्चित गरिने छैन।"
३३.	मा. कुसुम महर्जन	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:- "कार्यकारी निर्देशकलाई पदबाट हटाउनुअगि हटाउनुपर्ने कारण लिखित रूपमा जनाई सफाइ पेस गर्ने मनासिब अवसर दिनु पर्नेछ।"
३४.	मा. कमल सुबेदी	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१क) मा रहेका,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "निज पुनः एक पटकको लागि नियुक्त हुन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "निजको पुनर्नियुक्ति कार्यसम्पादन मूल्याङ्कनका आधारमा मात्र गर्न सकिनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) मा रहेका,</u>** - "नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "कार्यकारी निर्देशकलाई देहायको अवस्थामा मात्र नेपाल सरकारले पदबाट हटाउन सक्नेछः- (क) कार्यसम्पादन सन्तोषजनक नभएको प्रमाणित भएमा, (ख) प्रचलित कानुनबमोजिम अयोग्य भएमा, (ग) पदीय जिम्मेवारीको गम्भीर उल्लङ्घन गरेमा, वा (घ) कोषको हितविपरीत कार्य गरेको प्रमाणित भएमा। तर यसरी पदबाट हटाउनुअघि निजलाई सफाइको उचित अवसर दिनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
३५.	मा. नितिमा भण्डारी (कार्की)	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) को सट्टा देहायको उपदफा (१ख) राख्नुपर्ने</u>**:- "(१ख) उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव देखिएमा, लापरवाही वा खराब आचरण गरेमा वा निजको कार्यसम्पादन सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।"
३६.	मा. परशुराम तामाङ्ग	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख)</u>** झिक्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३७.	मा. गुरु प्रसाद बराल		
३८.	मा. ऐन बहादुर महर	११	**<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) मा रहेका,</u>** - "जुनसुकै बखत" भन्ने शब्दहरूका सट्टा "कारण खुलाई" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा ४२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** "यसरी हटाउँदा एक पटक सुनुवाइ वा सफाइको मौका दिनु पर्नेछ।"
३९.	मा. प्रा. डा. पुष्पराज कडेल	१२	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गर्नुपर्ने</u>:-** "(छ१) सहभागी, योगदानकर्ता तथा शेयरधनीको दीर्घकालीन हितलाई प्राथमिकतामा राखी समितिबाट स्वीकृत लगानी नीति, जोखिम सीमा तथा आन्तरिक नियन्त्रण प्रणालीको पालना भएको सुनिश्चित गर्ने र लगानीको जोखिम तथा प्रतिफल सम्बन्धी नियमित प्रतिवेदन समितिसमक्ष पेस गर्ने,"
४०.	मा. लिमा अधिकारी (आचार्य)	१२	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नुपर्ने</u>:-** "(छ) कोष, कोषका शेयरधनी, योगदानकर्ता र सहभागीको उच्चतम हित हुने गरी कार्य गर्ने र कोषको लगानी, जोखिमको स्थिति तथा प्रतिफल सम्बन्धी अद्यावधिक विवरण प्रत्येक छ महिनामा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्ने,"
४१.	मा. कमल सुबेदी	१२	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(छ) कोष, कोषका शेयरधनी, योगदानकर्ता तथा सहभागीको दीर्घकालीन हित, कोषको वित्तीय स्थायित्व तथा प्रचलित कानुनको अधीनमा रही कार्य गर्ने," **मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (२) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-** "तर कोषको लगानी, कर्जा प्रवाह, ठूलो वित्तीय दायित्व सिर्जना गर्ने वा रणनीतिक वित्तीय निर्णयसम्बन्धी अधिकार प्रत्यायोजन गर्न सकिने छैन।"
४२.	मा. गुरु प्रसाद बराल	१२	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को खण्ड (छ) मा रहेका,** - "उच्चतम हित हुने गरी" भन्ने शब्दहरूपछि "स्रोतको परिचालन, लगानी, ऋण प्रवाह तथा कोषको कार्यक्षेत्रका अन्य" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४३.	मा. प्रा. डा. पुष्पराज कडेल	१३	**मूल ऐनको दफा ४३क. को उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "त्यस्तो रकम र त्यसबाट सिर्जित सम्पत्ति तथा दायित्व सम्बन्धित योजनाको नाममा छुट्टै अभिलेख राखी कोषको आफ्नै सम्पत्तिबाट पृथक् रूपमा संरक्षण गर्नु पर्नेछ।"
४४.	मा. प्रा. डा. पुष्पराज कडेल	१४	**मूल ऐनको दफा ५२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-** "तर त्यस्तो कमिसन, सेवा शुल्क तथा दस्तुर निर्धारण गर्दा सेवा प्रदान गर्न लागेको वास्तविक लागत, योजनाको प्रकृति, सेवा गुणस्तर तथा सहभागीको हितलाई आधार मान्नु पर्नेछ र प्रत्येक आर्थिक वर्षमा त्यस्तो शुल्क तथा दस्तुरको विवरण सार्वजनिक गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४५.	मा. कुसुम महर्जन	१४	<u>मूल ऐनको दफा ५२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२ मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- "सेवा शुल्क, कमिशन र दस्तुर निर्धारण गर्दा आधार तथा दर सार्वजनिक गर्नुपर्ने र दर परिवर्तनको पूर्वसूचना दिनु पर्नेछ।"
४६.	मा. गणेश बहादुर विश्वकर्मा	१४	<u>मूल ऐनको दफा ५२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२ को सट्टा देहायको दफा ५२ राख्नुपर्ने</u>:- "५२. <u>कोषको विशेष अधिकार</u> : कोषको यस ऐन बमोजिम नागरिक लगानी कोषबाट दलित समुदायका परम्परागत सीप तथा व्यवसायहरुको आधुनिकीकरणसहित उद्योगको विकास गर्न दलित विशेष उद्यमशिल लगानी योजना नामको छुट्टै व्यवस्था गर्न सक्नेछ।"
४७.	मा. कमल सुबेदी	१४	<u>मूल ऐनको दफा ५२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "त्यस्तो कमिसन, सेवा शुल्क तथा दस्तुर निर्धारण गर्दा लागत, सेवा, सहभागीको हित तथा प्रचलित बजार दरलाई आधार लिनुपर्नेछ र निर्धारण गरिएको दर सार्वजनिक गर्नु पर्नेछ।"
४८.	मा. प्रा. डा. पुष्पराज कडेल	१५	<u>मूल ऐनको दफा ५२क. को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२क. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर एउटै बैंकमा गरिएको यस्तो मुद्दती निक्षेप कोषको कुल लगानीयोग्य सम्पत्तिको दश प्रतिशतभन्दा बढी हुन सक्ने छैन र निक्षेप राख्दा ब्याजदर, बैंकको वित्तीय अवस्था, तरलता तथा जोखिमको तुलनात्मक मूल्याङ्कन गरी प्रतिस्पर्धी प्रक्रियाबाट छनोट गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४९.	मा. लिमा अधिकारी (आचार्य)	१५	**<u>मूल ऐनको दफा ५२क. को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२क. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "तर पूर्वाधार, आवास, स्वपुँजी लगानी वा जोखिमयुक्त पुँजी कोष जस्ता उच्च जोखिमयुक्त क्षेत्रमा लगानी परिचालन गर्दा तोकिए बमोजिमको सुरक्षित सीमा, जोखिम मूल्याङ्कन तथा प्रतिफल सुनिश्चितताको ठोस मापदण्डका आधारमा मात्र लगानी गर्नु पर्नेछ।"
५०.	मा. कमल सुबेदी	१५	**<u>मूल ऐनको दफा ५२क. को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२क. को उपदफा (१) मा रहेका,</u>** - "कुनै वाणिज्य बैङ्क वा पूर्वाधार विकास बैङ्कमा" भन्ने शब्दहरूका सट्टा "प्रचलित कानुनबमोजिम योग्य वाणिज्य बैङ्क वा पूर्वाधार विकास बैङ्कमा, लगानीको विविधीकरण कायम हुने गरी" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा ५२क. को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५२क. को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) उपदफा (१) बमोजिम मुद्दती निक्षेपमा रकम लगानी गर्दा एउटै बैङ्क वा वित्तीय संस्थामा गर्न सकिने लगानीको अधिकतम सीमा समितिले निर्धारण गरेबमोजिम हुनेछ।"
५१.	मा. प्रा. डा. पुष्पराज कडेल	१६	**<u>मूल ऐनको दफा ५७ को खण्ड (ग) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "त्यस्तो रकम तथा सम्बन्धित योजनाको सम्पत्ति अन्य दायित्व भुक्तानीका लागि प्रयोग गर्न नहुनेछ र सम्बन्धित सहभागी तथा लगानीकर्ताको दाबीलाई पृथक् रूपमा सुरक्षित गरी भुक्तानी गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
५२.	मा. कमल सुबेदी	१६	<u>मूल ऐनको दफा ५७ को खण्ड (ग) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "तथा यस ऐनबमोजिम कोषले सञ्चालन गरेका अन्य योजनाको रकम"
५३.	मा. कमल सुबेदी	१७	<u>विधेयकको दफा १७ को खण्ड (क) मा रहेको,</u> - "शेयरवाला" भन्ने शब्दपछि "र शेयरधारी" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>विधेयकको दफा १७ को खण्ड (ख) मा रहेको,</u> - "एकाङ्कवाला" भन्ने शब्दपछि "र एकाङ्कधारी" भन्ने शब्दहरू थप गर्नुपर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ५३ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख